शिवसताक्षी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १०        संख्या १        मिति २०८३-०२-१२

## भाग २

### शिवसताक्षी नगरपालिका एकीकृत रोजगार, स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यविधि, २०८३

प्रस्तावना:

आन्तरिक रोजगारी प्रवर्द्धन गरी रोजगारीको अवसर सिर्जना गर्न , विपन्न परिवारलाई स्वरोजगार बनाई जीविकोपार्जनमा सुधार ल्याउन आवश्यक भएकोले शिवसताक्षी नगरपालिकाको प्रशासकिय कार्यविधि व्यवस्थित गर्ने ऐन,२०७५ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी शिवसताक्षी नगरपालिकाको कार्यपालिकाबाट यो कार्यविधि पारित लागू गरेको छ ।

**परिच्छेद - १: प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "शिवसताक्षी नगरपालिका एकीकृत रोजगार, स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

(क) "ऐन" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ लाई सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने एकीकृत रोजगार, स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रमलाई सम्झनुपर्छ।

(ग) "बीउपुँजी" भन्नाले स्वरोजगार बन्नका लागि प्रदान गरिने सुरुवाती पुँजी वा सामग्री सम्झनुपर्छ।

(घ) "प्रविधि हस्तान्तरण" भन्नाले व्यवसाय विस्तारका लागि प्रदान गरिने मेशिनरी वा औजार सम्झनुपर्छ।

(ङ) "उद्यमी" भन्नाले नगरपालिका क्षेत्रभित्र दर्ता भई कम्तीमा एक वर्षदेखि उत्पादनमूलक व्यवसाय सञ्चालन गरिरहेका व्यक्ति वा फर्म सम्झनुपर्छ।

(च) "विपन्न परिवार" भन्नाले रोजगार सेवा केन्द्रमा सूचीकृत भएका मध्ये न्यून आय भएका, भूमिहीन, सुकुम्वासी, एकल महिला वा अपाङ्गता, भएका सदस्य रहेका परिवार सम्झनुपर्छ।

## परिच्छेद - २: उद्देश्य, लक्ष्य तथा कार्यक्षेत्र

**३. उद्देश्य:**

(१) नगरपालिकाभित्रका सफल उद्यमीहरूको व्यवसाय विस्तारमा सहयोग गरी थप रोजगारी सिर्जना गर्ने।

(२) विपन्न परिवारलाई पशुधन, कृषि औजार वा बीउपुँजी प्रदान गरी आत्मनिर्भर बनाउने।

(३) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र पुँजीलाई स्थानीय श्रम बजारमा आबद्ध गर्ने।

**४. कार्यक्षेत्र र लक्षित वर्ग:**

(१) यो कार्यविधि शिवसताक्षी नगरपालिकाका सबै वडाहरूमा लागू हुनेछ।

(२) लक्षित वर्ग: सूचीकृत बेरोजगारहरू, फर्केका आप्रवासी कामदार, भूमिहीन, विपन्न वर्ग र उत्पादनमूलक साना तथा मझौला उद्यमीहरू।

## परिच्छेद - ३: संस्थागत व्यवस्था

**५. स्थानीय कार्यक्रम कार्यान्वयन समिति:**

(१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति रहनेछ:

(क) नगर प्रमुख: अध्यक्ष
(ख) नगर उपप्रमुख/: सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत: सदस्य
(घ) प्रमुख, आर्थिक प्रशासन शाखा: सदस्य
(ङ) रोजगार संयोजक: सदस्य सचिव

(२) माग बमोजिमको स्थलगत निरिक्षण गर्नको लागी देहाय बमोजिमको स्थलगत निरक्षण टोली रहनेछ ।

(क) सम्बन्धित वडाअध्यक्ष/सदस्य: संयोजक
(ख) वडा सचिव: सदस्य
(ग) रोजगार संयोजक: सदस्य

(३) स्थलगत निरिक्षण टोलिको काम कर्तव्य र अधिकारः

(क) निरीक्षण टोलीको गठन: कार्यविधि बमोजिम 'रोजगार संयोजक' र सम्बन्धित 'वडा प्रतिनिधि' (वडाध्यक्ष/वडा सदस्य र वडा सचिव) सहितको टोलीले स्थलगत निरीक्षण गर्नेछ।

(ख) पूर्व-तयारी: निवेदनका साथ प्राप्त कागजातहरूको प्रारम्भिक अध्ययन गरी स्थलगत भ्रमणको समय तालिका निर्धारण गरिनेछ।

(ग) निरीक्षणका मुख्य आधारहरू:

- उद्यमीका लागि: व्यवसाय दर्ता भए/नभएको, भौतिक पूर्वाधारको अवस्था, कामदारहरूको

वास्तविक उपस्थिति र कच्चा पदार्थको स्रोत।

- विपन्न परिवारका लागि: निवेदकको बसोबासको अवस्था, आम्दानीको अन्य स्रोत, बेरोजगार सूचीकरणमा नाम भए/नभएको र पशुपालन वा उद्यम गर्ने ठाउँको उपलब्धता।

(घ) प्राविधिक सम्भाव्यता अध्ययन: माग गरिएको मेशिन वा पशुधन राख्ने उचित ठाउँ, बिजुली, पानी र सुरक्षाको अवस्था छ कि छैन भनी जाँच गर्ने।

(ङ) अङ्क भार प्रदान : निरीक्षणका क्रममा अनुसूची - ३ र अनुसुची-३.१ का आधारमा प्राविधिक टोलीले अङ्क प्रदान गरी "स्थानीय कार्यक्रम कार्यान्वयन समिति" मा पेश गर्नेछ।

(४) स्थानीय कार्यक्रम कार्यान्वयन समिति काम कर्तव्य र अधिकारः

(क) स्थानीय कार्यक्रम कार्यान्वयन समितिमा उपदफा (३) बमोजिम पेश भएको विवरण अनुसार दफा १० बमोजिमको दायराभित्र रही अन्तिम लाभग्राही छनोट गरी लाभग्राहीहरुले प्राप्त गर्ने अनुदान सहायता निर्णय गर्नेछ ।

(ख) स्थलगत निरक्षण टोलिको खाजा, खाना र यातायात व्यवसस्थापनको निर्णय गर्ने ।

**६. रोजगार सेवा केन्द्रको भूमिका:**

(१) रोजगार सेवा केन्द्रले बेरोजगार र रोजगारदाताको सूचीकरण, आवेदन सङ्कलन, अभिलेख व्यस्थापन, (भौतिकरुपमा, रोजगार नक्शांकन प्रणाली र श्रम संसार प्रणालीमा) र अनुगमनको मुख्य जिम्मेवारी निर्वाह गर्नेछ।

(२) दफा ५(४) बमोजिम छनोट भएका अनुदान सहायता प्राप्त गर्ने लाभग्रहिहरुलाइ अनुसुचि ४ बमोजिम अनुदान सहायता संझौता गर्नेछ ।

## परिच्छेद - ४: योग्यता तथा छनोट प्रक्रिया

**७. अनुदान प्राप्त गर्नका लागि योग्यता:**

(१) उद्यम प्रोत्साहनका लागि: नगरपालिकामा दर्ता भई कम्तीमा १ वर्षदेखि सञ्चालनमा रहेको र कम्तीमा ५ जनालाई रोजगारी दिएको हुनुपर्ने। कर चुक्ता गरेको र व्यावसायिक योजना भएको हुनुपर्ने।

(२) जीविकोपार्जन सुधारका लागि: प्रधानमन्त्री रोजगार कार्यक्रम वा नगरपालिकाको सुचिकरण सुचना बमोजिम विपन्न बेरोजगारको सुचिमा सूचीकृत, विगतको वर्षमा १०० दिन बराबरको रोजगारी नपाएको, आयको अन्य स्थायी स्रोत नभएको हुनुपर्ने।

(३) दफा (१) बमोजिम अनुदान सहायता प्राप्त गर्ने लाभग्राहिले सुचना प्रकाशित भएपछी अनुसुचि १ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

(४) दफा (२) बमोजिम अनुदान सहायता प्राप्त गर्ने लाभग्राहिले सुचना प्रकाशित भएपछी अनुसुचि २ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

**८. अनुदान प्राप्त गर्नका छनोटका आधारहरू (अङ्क भार):**

(क) रोजगारी सिर्जना (५ जना वा सोभन्दा बढी) - ३० अङ्क

- व्यवसायको स्थायित्व र वैधानिकता - २० अङ्क

- सामाजिक योगदान र स्थानीय कच्चा पदार्थको प्रयोग - १० अङ्क

- व्यवसाय विकास प्रस्ताव (Business Proposal) - ४० अङ्क (अनुसचि ५ बमोजिम)

**९. आवेदन आह्वान:**

नगरपालिकाले ७ दिनको समय दिएर सार्वजनिक सूचना प्रकाशन गर्नेछ। प्राप्त आवेदनहरूको स्थलगत पहिचान र प्रमाणीकरण दफा ५(२) बमोजिमको निरिक्षण टोलिले गर्नेछ।

## परिच्छेद - ५: सहयोगका क्षेत्रहरू र सर्तहरू

**१०. सहयोगका क्षेत्रहरू:**

(१) प्रविधि हस्तान्तरण: उद्यमीलाई प्रविधि वा जिन्सी सामग्री (मेशिन, औजार आदि) मा अधिकतम रु. ५०,०००(पचास हजार) सम्मको अनुदान।

(२) पशुधन तथा कृषि: उन्नत जातका पशुपंक्षीधनमा तथा कृषि औजार, उपकरणहरुमा अधिकतम रु. ५०,०००(पचास हजार) सम्मको अनुदान।

(३) लघु उद्यम मा आवश्यक पर्ने औजार, उपकरणहरुमा अधिकतम रु. ५०,०००(पचास हजार) सम्मको अनुदान

**११. सहयोग अभिमुखीकरण शर्तनामा:**

दफा १० बमोजिम सहयोग प्राप्त गर्ने लाभग्राहीहरुलाई अनिवार्य रूपमा कम्तीमा १ दिनको सम्बन्धित व्यवसाय वा प्रविधिको प्रयोग सम्बन्धी अभिमुखिकरण र शर्तनामा गरिनेछ।

## परिच्छेद - ६: अनुगमन, दिगोपना र बजेट

**१२. उपहार मोडल:**

कार्यक्रमको पहुँच विस्तारको लागि विपन्न परिवारलाई प्रदान गरिएको पशुपंक्षीधनको पहिलो पटको उत्पादन मध्येको १ वटा उत्पादन अर्को सूचीकृत विपन्न परिवारलाई हस्तान्तरण गर्न लाभग्राहिलाइ शर्तनामा गराइनेछ ।

**१३. बीमा र प्रतिबद्धता:**

(१) पशुधन वितरण गर्दा अनिवार्य पशु बीमा गरिनेछ। सो को लागत सम्बन्धीत लाभग्राहिले व्यहोर्नुपर्नेछ ।

(२) प्राप्त सहयोग कम्तीमा २ वर्षसम्म बिक्री गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

**१४. अनुगमन/प्रतिवेदन:**

रोजगार संयोजक, संबन्धित शाखा प्रमुख र वडा अध्यक्ष/सदस्य रहेको टोलीले त्रैमासिक र वार्षिक रूपमा अनुगमन गरी स्थानीय कार्यक्रम समन्वय समितिमा प्रतिवेदन पेस गर्नेछ।

**१५. बजेट स्रोत:**

- नगरपालिकाको आन्तरिक आय
- संघीय/प्रदेश सरकारको ससर्त अनुदान
- विकास साझेदारहरूको सहयोग

## परिच्छेद - ७: विविध

१६. सार्वजनिक खरिद ऐनको पालना:

यो कार्यविधि कार्यान्वयन गर्दा सामग्री खरिदको हकमा "सार्वजनिक खरिद ऐन, २०६३" र "नियमावली, २०६४" को पालना अनिवार्य रूपमा गरिनेछ।

## अनुसूची - १
## (उद्‍यमीको लागि: व्यवसाय विस्तार तथा प्रविधि हस्तान्तरण अनुदान सहायता निवेदन)

श्री शिवसताक्षी नगरपालिका, झापा ।

विषय: उद्‍यम प्रवर्द्धन (प्रविधि हस्तान्तरण) सहयोग सम्बन्धमा ।

यस शिवसताक्षी नगरपालिकाले सञ्चालन गरेको "एकीकृत रोजगार , स्वरोजगार तथा उद्‍यम प्रवर्द्धन कार्यक्रम" अन्तर्गत मेरो/हाम्रो व्यवसाय विस्तारका लागि प्रविधि/मेशिनरी सहयोग प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेको छु/छौँ।

१. उद्‍यमी/फर्मको विवरण:
- उद्‍यमी/सञ्चालकको नाम: ..........................................................
- फर्म/व्यवसायको नाम: ..............................................................
- ठेगाना: वडा नं. ........ टोल: ..........................................................
- व्यवसाय दर्ता भएको मिति: ......................... दर्ता नं.: .................... - प्यान (PAN) नं.: ...............

२. व्यवसायको स्थिति:
- उत्पादनको क्षेत्रः ..............................
- उद्‍यममा आवश्यक कामदार संख्याः .........................
- हाल कार्यरत कामदार संख्या (महिला: ........ पुरुष: ........ जम्मा: ........:
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता भएको छ/छैन? .............................
- कामदारको कम्तीमा १ वर्ष कार्यरत कागजातः (कामदार सम्झौता र भुक्तानीको अभिलेख) छ/छैन? ...

३. माग गरिएको सहयोगको विवरण:
- माग गरिएको मेसिनरी/औजारको नाम: ............................................
- उक्त सामग्रीको अनुमानित लागत (रु.): ............................................
- उक्त प्रविधि प्राप्त भएपछि थप हुने सम्भावित रोजगारी संख्या: .................

४. प्रतिवद्धता:
- यस नगरपालिकाबाट प्राप्त सहयोग कम्तीमा २ वर्षसम्म बिक्री वा हस्तान्तरण गर्ने छैन।
- मैले नगरपालिकाको नियम र व्यावसायिक आचरण पालना गर्नेछु।

निवेदकको दस्तखत नाम: ..........................
सम्पर्क नं: ...................... मिति: ...........................

## अनुसूची - २

### (विपन्न परिवारका लागि: जीविकोपार्जन/स्वरोजगार सामग्री सहयोग निवेदन)

श्री, शिवसताक्षी नगरपालिका, झापा ।

विषय: जीविकोपार्जन सुधार (पशुपंक्षीधन) सहयोग सम्बन्धमा ।

म/हाम्रो परिवार शिवसताक्षी नगरपालिकाको "एकीकृत रोजगार, स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रम" अन्तर्गत अति विपन्न समूहमा पर्ने भएकोले स्वरोजगार बन्नका लागि आवश्यक सामग्री/सहयोग प्राप्त गर्न देहायको विवरण सहित यो निवेदन पेश गर्दछु।

१. निवेदक (घरमूली) को विवरण:

- घरमूलीको नाम: ............................................................ - ठेगाना: वडा नं. ........ टोल: ..................
- प्रधानमन्त्री रोजगार कार्यक्रम, बेरोजगार सुचिकरण कार्यक्रम अन्तरगत दर्ता भएको दर्ता नं.: .............................
- पारिवारिक अवस्था (टिक लगाउनुहोस्):

( ) अति विपन्न ( ) भूमिहीन ( ) एकल महिला () अपाङ्गता भएको

२. रोजगारीको अवस्था:

- विगत एक वर्षमा कुल काम गरेको दिन (न्यूनतम १०० दिन भन्दा कम): .........
- हाल गरिरहेको पेशा/सीप: .........................................................

३. माग गरिएको सहयोग (बीउपुँजी/पशुधन/पंक्षीधन):

.......................................................................................................................

४. प्रतिवद्धता (अनिवार्य):

- म नगरपालिकाले सञ्चालन गरेको उपहार मोडेल ( Pass-on Gift Model) अनुसार प्राप्त बीउपुँजी/पशुधन/पंक्षीधन को पहिलो उत्पादन मध्येको “१ धन” अर्को विपन्न परिवारलाई हस्तान्तरण गर्न मञ्जुर छु।
- सहयोग स्वरुप प्राप्त सामग्री २ वर्षसम्म बिक्री वा हस्तान्तरण गर्ने छैन।

निवेदकको दस्तखत नाम: ...........................

सम्पर्क नं: ...................... मिति: ...........................

अनुसूची - ३ (स्थलगत निरीक्षण/पहिचान फारम व्यसायको लागी)

१. आवेदकको सामान्य विवरण:

- आवेदक/फर्मको नाम: ........................ - ठेगाना: वडा नं. ........ टोल: .......................
- उद्‌यमिको नामः ............................... सम्पर्क नं: ......................... आवेदन दर्ता नं: .........................

२. अनुसन्धानका आधारहरू र मुल्याङ्कन

| क्र.सं. | मूल्याङ्कनका सूचकहरू | उप-सूचक तथा विवरण | भार (अङ्क) | प्राविधिक टोलीको स्कोर | कैफियत |
|---|---|---|---|---|---|
| **१** | **रोजगारी सिर्जना (३० अङ्क)** | क) ५ जना भन्दा बढीलाई स्थायी रोजगारी दिएको (३० अङ्क)ख) २ देखि ५ जना सम्मलाई रोजगारी दिएको (१५ अङ्क) | ३० | | |
| **२** | **व्यवसायको स्थायित्व (२० अङ्क)** | क) ३ वर्षभन्दा बढी सञ्चालनमा रहेको (२० अङ्क)ख) १ देखि ३ वर्षसम्म सञ्चालनमा रहेको (१० अङ्क) | २० | | दर्ता र कर चुक्ता चेक गर्ने |
| **३** | **कच्चा पदार्थ र सामाजिक योगदान (१० अङ्क)** | क) १००% स्थानीय कच्चा पदार्थ प्रयोग गर्ने (१० अङ्क)ख) बाह्य र स्थानीय मिश्रण प्रयोग गर्ने (५ अङ्क) | १० | | |
| **४** | **व्यवसाय विकास योजना - Proposal (४० अङ्क)** | क) व्यवसाय विस्तारको ठोस र सम्भाव्य योजना (४० अङ्क)ख) सामान्य र औसत योजना (२० अङ्क) | ४० | | मेशिनको आवश्यकता पुष्टी हुनुपर्ने |
| | **जम्मा अङ्क** | | **१००** | | |

३. अङ्क भार (उद्‌यमीका लागि मात्र - १०० पूर्णाङ्क):

- रोजगारी सिर्जना (५ जना भन्दा बढी): ....... (३० मध्ये)
- व्यवसायको स्थायित्व र वैधानिकता: ....... (२० मध्ये)
- स्थानीय कच्चा पदार्थ/सामाजिक योगदान: ....... (१० मध्ये)

- व्यवसाय विकास प्रस्ताव (प्रविधि प्रयोगको आधार): ....... (४० मध्ये)
- कुल प्राप्त अङ्क: ....................

४. निरीक्षण टोलीको निष्कर्ष र सिफारिस: (निरीक्षण गर्दा पाइएको मुख्य विवरण र माग गरिएको सामग्री प्रदान गर्न उपयुक्त भए/नभएको राय)

................................................................................................................................................
......................................................................................................

सिफारिस (टिक लगाउनुहोस्): ( ) सहयोगका लागि उपयुक्त ( ) सुधार गर्नुपर्ने ( ) अनुपयुक्त/अस्वीकृत

५. निरीक्षण टोलीको दस्तखत:

..................................... ..................................... .....................................

रोजगार संयोजक वडा प्रतिनिधि वडा सचिव

वडा कार्यालयको छाप)

## अनुसूची - ३.१
## (विपन्न परिवार/स्वरोजगार सहयोगका लागि स्थलगत निरीक्षण प्रतिवेदन)

### १. आवेदकको व्यक्तिगत विवरण:

| **क्र.सं.** | **विवरणको शीर्षक** | **निरीक्षणमा देखिएको वास्तविक विवरण** |
|---|---|---|
| १ | आवेदकको (घरमूली) नाम | |
| २ | स्थायी ठेगाना (वडा र टोल) | वडा नं. ....... टोल: .......................... |
| ३ | PMEP (बेरोजगार सूचीकरण) नं. | |
| ४ | परिवार संख्या (जम्मा) | ....... (म: ......, पु: ......, अपाङ्गता: ......) |
| ५ | माग गरिएको सामग्री/पशुधन | |

### २. आर्थिक तथा सामाजिक अवस्थाको मुल्याङ्कन (निरीक्षण टोलीद्वारा भरिने):

| **क्र.सं.** | **मूल्याङ्कनका आधारहरू** | **विद्यमान अवस्था (उपयुक्तमा ठिक चिन्ह लगाउने)** | **कैफियत** |
|---|---|---|---|
| १ | **घरको/बसोबासको स्थिति** | ( ) भूमिहीन/सुकुम्वासी ( ) कच्ची/झुपडी ( ) पक्की | |
| २ | **लक्षित समूहको वर्ग** | ( ) एकल महिला ( ) अपाङ्गता ( ) दलित ( ) विपन्न | |
| ३ | **खाद्यान्नको अवस्था** | ( ) ३ महिनाभन्दा कम ( ) ६ महिना ( ) १२ महिना | |
| ४ | **रोजगारीको स्रोत** | ( ) ज्याला मजदुरी मात्र ( ) निर्वाहमुखी खेती ( ) छैन | |
| ५ | **पूर्व सहयोग** | ( ) लिएको छैन ( ) साना सहयोग लिएको ( ) अन्य | |

### ३: प्राविधिक तथा पूर्वाधार सम्भाव्यता

| **क्र.सं.** | **सूचकहरू** | **वस्तुगत स्थिति (देखादेखि अवस्था)** | **निरीक्षण टोलीको टिप्पणी** |
|---|---|---|---|
| १ | **भौतिक पूर्वाधार** | पशुका लागि गोठ/खोर वा टनेलका लागि ठाउँ उपलब्धता | ( ) छ ( ) बनाउन बाँकी |
| २ | **सीप तथा दक्षता** | माग गरेको सामग्री वा पशुपालन सम्बन्धी अनुभव | ( ) छ ( ) तालिम दिनुपर्ने |
| ३ | **बजार र वातावरण** | उत्पादित सामान बिक्री हुने वा चरिचरनको सुविधा | |
| ४ | **सर्त पालना** | "उपहार मोडेल" र बीमा प्रक्रियामा सहभागी हुने इच्छा | ( ) मञ्जुर ( ) मञ्जुर छैन |

### ४: निरीक्षण टोलीको सिफारिस

| **श्रेणी (Grade)** | **छनोटको निर्णय** | **छनोटको प्राथमिकता र संक्षिप्त राय** |
|---|---|---|
| **क वर्ग** | ( ) छनोट गर्न सिफारिस | वास्तविक विपन्न र तत्काल गर्न सकिने । |
| **ख वर्ग** | ( ) प्रतिक्षा सूचीमा राख्ने | सुधार गर्नुपर्ने वा बजेट प्राप्त भएपछि दिने । |
| **ग वर्ग** | ( ) अस्वीकृत गर्ने | विवरण फरक परेको वा व्यवसायिक आधार नभएको। |

### ५ निरीक्षण टोलीको प्रमाणित

| **क्र.सं.** | **पद / पदनाम** | **नाम** | **हस्ताक्षर** | **मिति** |
|---|---|---|---|---|
| १ | **वडा प्रतिनिधि (वडा सदस्य)** | | | |
| २ | **वडा सचिव** | | | |
| ३ | **रोजगार संयोजक (सदस्य सचिव)** | | | |

छानिएका लाभग्राही सँग गरिने अनुदान सहायता सम्झौता
अनुसूची - ४

(लाभग्राहीसँग गरिने अनुदान सहायता सम्झौता पत्र)

यस शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र लाभग्राही बीच "एकीकृत रोजगार, स्वरोजगार तथा उद्यम प्रवर्द्धन कार्यक्रम, २०८३" अन्तर्गत स्वीकृत सहयोग प्रदान गर्ने सम्बन्धमा आज मिति
............................ गतेका दिन देहायका सर्तहरू पालना गर्ने गरी यो सम्झौता सम्पन्न भएको छ ।

१. सम्झौताका पक्षहरू:
- प्रथम पक्ष (दाता): शिवसताक्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय (यसपछि "नगरपालिका" भनिनेछ) ।
- दोस्रो पक्ष (लाभग्राही):
    - नाम/फर्मको नाम: ................................................................
    - ठेगाना: शिवसताक्षी न.पा. वडा नं.: ........... टोल: ......................
    - प्रतिनिधि/घरमूलीको नाम: ....................................................
    - नागरिकता नं./दर्ता नं.: ......................... सम्पर्क नं.: ................

२. सहायताको विवरण: नगरपालिकाले दोस्रो पक्षलाई देहाय बमोजिमको प्रविधि/पशुधन/सामग्री अनुदान स्वरुप उपलब्ध गराउनेछ:

- सहायता सामग्रीको नाम: ..........................................................
- परिमाण/एकाइ: .......................... अनुमानित मूल्य (रु.): ............

३. सम्झौताका सर्तहरू:
१. दोस्रो पक्षले प्राप्त गरेको सामग्री/पशुधन जुन उद्देश्यका लागि लिइएको हो सोही उद्देश्य (स्वरोजगार/व्यवसाय
विस्तार) मा मात्र प्रयोग गर्नुपर्नेछ।
२. दिगोपना: प्राप्त सामग्री/पशुधन कम्तीमा २ (दुई) वर्षसम्म कसैलाई बिक्री गर्न, उपहार दिन वा धितो राख्न पाइने छैन।

३. बीमा: पशुधन प्राप्त गर्ने लाभग्राहीले अनिवार्य रूपमा पशु बीमा गर्नुपर्नेछ र नवीकरणको जिम्मेवारी स्वयं दोस्रो पक्षको हुनेछ।
४. उपहार मोडेल (Pass-on Gift Model): पशुधन प्राप्त गर्ने विपन्न लाभग्राहीले पहिलो बेतको पाठी/बच्चा हुर्काएर नगरपालिकाले तोकेको अर्को विपन्न परिवारलाई निशुल्क हस्तान्तरण गर्नुपर्नेछ।
५. अनुगमन: नगरपालिकाको टोलीले जुनसुकै समयमा पनि स्थलगत निरीक्षण गर्दा सामग्रीको सही उपयोग भएको हुनुपर्नेछ।
६. तालिम: सामग्री हस्तान्तरण हुनुअघि नगरपालिकाले आयोजना गर्ने अभिमुखीकरण वा प्राविधिक तालिममा दोस्रो पक्ष अनिवार्य सहभागी हुनुपर्नेछ।

४. सम्झौता भंग र फिर्ता सम्बन्धी व्यवस्था:

- यदि दोस्रो पक्षले यस सम्झौताका सर्तहरू उल्लंघन गरेमा (सामग्री बिक्री गरेमा वा अन्यत्र प्रयोग गरेमा) नगरपालिकाले उपलब्ध गराएको सहयोगको कुल लागत बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ र निजलाई नगरपालिकाका भविष्यका कार्यक्रमहरूबाट वञ्चित (Blacklist) गरिनेछ।

५. विवाद समाधान: यस सम्झौता कार्यान्वयनका क्रममा कुनै विवाद उत्पन्न भएमा "स्थानीय कार्यक्रम कार्यान्वयन समिति" को निर्णय नै अन्तिम हुनेछ।

पक्षहरूको दस्तखत:

प्रथम पक्षको तर्फबाट (नगरपालिका)
...................................... दस्तखत:
दस्तखत::
...................................... नाम:
.......................................... पद:
......................................... मिति:
मिति:

दोस्रो पक्षको तर्फबाट (लाभग्राही) दस्तखत:
......................................
.......................................... नाम:
.......................................... पद:
..........................................

रोहवर (साक्षी): रोजगार संयोजक
(नाम): ........................................... (दस्तखत: ................)

## अनुसूची - ५
(व्यवसाय विकास प्रस्ताव - Business Proposal को ढाँचा)

उद्‌यम प्रवर्द्धन तथा प्रविधि हस्तान्तरणका लागि आवेदक उद्‌यमीले भर्नुपर्ने प्रस्ताव

१. उद्‌यमी तथा उद्‌यमको सामान्य परिचय:
- उद्‌यमीको नाम: ..........................................................
- फर्मको नाम र ठेगाना: ....................................................
- व्यवसायको प्रकृति (उदा. उत्पादन, प्रशोधन, सेवा आदि): ....................
- हालको कुल लगानी (अनुमानित रु.): ........................................
- सञ्चालन अवधि (वर्ष/महिना): .............................................

२. व्यवसायको हालको अवस्था:
- अहिले उत्पादन भइरहेका मुख्य वस्तु वा सेवाहरू: .............................
- हाल काम गरिरहेका कामदारको संख्या (तलब भत्ता बुझ्ेका): ....................
- हालको वार्षिक वा मासिक कारोबार (अनुमानित रु.): .........................

३. प्रस्ताव गरिएको व्यवसाय विस्तारको योजनाः
- नगरपालिकाबाट माग गरिएको सहयोगको उद्देश्य: (नयाँ प्रविधि किन्ने हो कि मेसिन थपेर उत्पादन बढाउने? उल्लेख गर्नुहोस्)
  ...................................................................................................................
- प्रस्तावित नयाँ मेसिन/प्रविधिको विवरण:
  ..............................................................
- माग गरिएको प्रविधि जडान गरेपछि व्यवसायमा के फरक पर्छ? (उदाहरण: दैनिक १० केजी उत्पादनबाट २० केजी पुग्ने, प्याकेजिङमा सुधार हुने आदि)
  ...................................................................................................................

४. कच्चा पदार्थ र बजार व्यवस्थापन:
- मुख्य कच्चा पदार्थको स्रोत कहाँ हो? (कति प्रतिशत स्थानीय कच्चा पदार्थ प्रयोग गर्नुहुन्छ?)
  ...................................................................................................................
- तपाईंको मुख्य ग्राहकहरू (Target Market) को हुन्?
  ..................................................
- प्रतिस्पर्धीहरू को को छन् र तपाईंको उत्पादन किन उत्कृष्ट छ?
  ...........................................

५. रोजगारी सिर्जना तथा सामाजिक योगदान:

- नगरपालिकाको सहयोग प्राप्त भएपछि थप हुने सम्भावित रोजगारी (संख्या): ................. (जसमध्ये महिला: ........., पिछडिएको वर्ग: .........)
- यो व्यवसायले स्थानीय समाजमा के योगदान पुर्याउँछ? ...................................................

६. अनुमानित आय-व्यय र वित्तीय सम्भाव्यता (एक वर्षका लागि):

| **क्र.सं.** | **खर्चको शीर्षक (Project Investment)** | **अनुमानित रकम (रु.)** | **लगानीको स्रोत (Source of Funding)** | **अनुमानित रकम (रु.)** |
|---|---|---|---|---|
| १ | माग गरिएको प्रविधि/मेसिनरी (नयाँ) | | क) नगरपालिका अनुदान (बढीमा रु ५०,०००) | |
| २ | थप आवश्यक औजार तथा उपकरण | | ख) उद्यमीको निजी लगानी (Self Investment) | |
| ३ | फर्निचर र भौतिक पूर्वाधार निर्माण | | ग) अन्य स्रोत (ऋण वा साझेदार) | |
| ४ | व्यवसाय सञ्चालन (Raw materials आदि) | | | |
| | **कुल जम्मा खर्च** | **रु.** | **जम्मा लगानी** | **रु.** |

७. दिगोपन र जोखिम व्यवस्थापन:

- भविष्यमा व्यवसाय कसरी सञ्चालन गर्ने? (Sustainability Plan): .......................................   .......................................
- व्यवसायमा आउन सक्ने सम्भावित जोखिम (उदा: बजार अभाव, मेशिन मर्मत आदि) र समाधान: .......................................................................................................................

८. स्व-घोषणा: माथि दिइएको विवरण साँचो हो, यदि झुटो ठहरिएमा कानुन बमोजिम नगरपालिकाले गरेको लगानी फिर्ता गर्ने मञ्जुर गर्दछु ।

..........................
आवेदक/प्रोप्राइटरको दस्तखत नाम:
मिति: ............................          छाप (फर्मको):

**आज्ञाले**
**सुनिता तुम्बाहाङ्फे**
**प्रमुख प्रशासकीय अधिकृत**